# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:

मिति: २०७५।१२।१२

श्री प्रमुखज्यू,
व्यास नगरपालिका,
तनहुँ ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट व्यास नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड २७ लाख १२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.६२ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२४ लाख ६२ हजार र पेश्की रु.१ करोड ३३ लाख २८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातमा आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १६ (सोह्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# व्यास नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४/७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न व्यास नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो। गण्डकी प्रदेशमा अवस्थित यो नगरपालिका अर्न्तगत १४ वडा, २ प्रदेश सभा सदस्य, २४८ वर्ग कि.मी. क्षेत्रफल र ७०३३५ जनसंख्या रहेको छ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता  र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| सि.नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | ५९,०२,२३,००५/२ | ९५,७९,५१,१७६/२६ |
| | क) नगद | ७,८५,५४०/३९ | ६,१०,८६,६०२/६९ | २ | **पूँजीगत खर्च** | ३६,७७,२८,१७१/१ | |
| | ख) बैंक | ६,०३,०१,०६२/३० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १०,२४,९९,७९५/४९ | १०,४४,०८,६२८/९८ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | १९,०८,८३३/४९ | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण | ३२,२०,०३,०००/- | ८०,२९,५७,१५९/९४ | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ३४,५८,८८,५३२/९४ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | ५,०२,४६,७७६/- | ५,०२,४६,७७६/- |
| | घ) विशेष अनुदान | १३,५०,६५,६२७/- | | ६ | **कोष खर्च** | १,११,६९,५५३/२४ | १,११,६९,५५३/२ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण | | | | क) नगद मौज्दात | ७,८५,५४०/३९ | ११,९०,५१,६९६/५४ |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | ११,८२,६६,१५६/२ | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | ४,४५,५९,६५०/- | ४,४५,५९,६५०/- | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | ३,४८,८२,२८७/११ | ३,४८,८२,२८७/११ | | | | |
| ७ | **जनसहभागिता (नगद)** | २८,९१,१२,२८/६१ | २,८९,११,२२८/६१ | | | | |
| ८ | **धरौटी आय** | ५,७७,७२,८९१/०२ | ५,७७,७२,८९१/०२ | | | | |
| ९ | **अन्य विविध आय** | ३८,४०,७५३/६९ | ३८,४०,७५३/६९ | | | | |
| | **जम्मा** | **१,१३,८४,१९,२०२/०४** | **१,१३,८४,१९,२०२/०४** | | **जम्मा** | **१,१३,८४,१९,२०२/०४** | **१,१३,८४,१९,२०२/०४** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। नगरपालिका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको नदेखिँदा उक्त व्यवस्थाको पालना गर्नुपर्ने देखिएको छ। | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्थालाई पालना गरी समयमानै निर्माण तथा सेवा प्रवाह सम्वन्धि कार्यलाई व्यवस्थीत गर्नुपर्ने देखिएको छ। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार रहेको छ।<br><br>क) बजेट उप शीर्षक अनुसार बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा खर्चको लेखा श्रेस्ता सोही बमोजिम छुट्टाछुट्टै नराखी एकमुष्ट राखेको पाइयो। जसले गर्दा कार्यक्रम अनुसार बजेट खर्च भए नभएको सहजैसँग यकिन गर्न सकिएन।<br><br>ख) तोकिएको ढाँचामा एकिकृत आय व्यय विवरण तयार पारी हिसाब मिलान गरेको देखिएन।<br><br>ग) सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सबैले देख्ने ठाउँमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयावधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण खुलाई नागरिक बडापत्र राखी सो वमोजिम सेवा प्रदान गरेको देखिएन।<br><br>(घ) सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीहरुको कार्य विवरण तयार पारी लागू गरेको पाइएन। अतः ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गीर कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ। | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको देखिएन। श्रोत अनुमान र बजेट सीमा निर्धारणका लागि बजेट सीमा निर्धारण समितिले प्रभावकारीरुपमा कार्य सम्पादन गर्नु पर्दछ। | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन। कार्यालयले विभिन्न सम्पादित आयोजनाहरुको समेत अवस्था झल्किने गरी प्रगती विवरण तयार गर्नुपर्दछ। | |
| ६. | **वार्षिक खरिद योजना/ गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ। यस नगरपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो | |

वर्ष रु.३६,७७,२८,१७१/- को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ। अतः यस नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

७. **ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम यस नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित नगर सभाबाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले नगर विकास कोषबाट रु.४,४५,५९,६५०/- ऋण लिएको र उक्त ऋणबाट नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माणमा खर्च भएको देखिन्छ।

८. **कानून निर्माण :** नेपालको संविधान धारा २८८ को उपधारा (२) बमोजिम कानून बनाउने व्यवस्था छ। व्याँस नगरपालिकाको गाउँ सभाले आर्थिक वर्ष २०७४।७५ मा बनाएको कानून यस प्रकार रहेका छन्।

| क.स | कानूनको नाम | स्वीकृत मिति |
|---|---|---|
| १. | शिक्षा नियमावली, २०७४ | २०७४/१०/२७ |
| २. | फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०७४ | २०७४/१०/२७ |
| ३. | स्थानीय कृषि व्यवसार्य प्रवर्द्धन ऐन, २०७४ | २०७४/१०/२७ |
| ४. | बजार अनुगमन निर्देशिका, २०७४ | २०७४/१०/२७ |
| ५. | आर्थिक कार्यविधि ऐन, २०७४ | २०७४/१०/२७ |
| ६. | सहकारी ऐन, २०७४ | २०७४/१०/२७ |
| ७. | न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ | २०७४/१०/२७ |
| ८. | सार्वजनिक समारोह सञ्चालन कार्यविधि, २०७५ | २०७५/१/९ |
| ९. | आर्थिक ऐन, २०७५ | २०७५/३/११ |
| १०. | विनियोजन ऐन, २०७५ | २०७५/३/११ |
| ११. | लैङ्गिक हिंसा सेवा केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका, २०७५ | २०७५/३/२७ |
| १२. | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ | २०७५/३/२७ |
| १३. | अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) ऐन, २०७५ | २०७५/३/२७ |

९. **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।

१०. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ४१ प्रतिशत, दोश्रो चौमासिकमा १६ प्रतिशत र तेश्रो चौमासिकमा ४३ प्रतिशत खर्च गरेको देखिएको छ। तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै २८ प्रतिशत खर्च भएको छ। कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ।

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च ( हजारमा) | चौमासिक खर्च (हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | ८०१२९४३ | ६३५२७० | २७२१८४ | ८३५४० | २७९५४६ | १६४८३० |
| २ | ३६५०१५३ | ११३३७५ | ३७५७० | ३८०८१ | ३७७२३ | ३७७२३ |
| ३ | ३६५८४५३ | ४२९ | ५६ | २०२ | १७१००० | १२६ |
| ४ | ३६५८२१४ | ६५७५ | ० | १४५२ | ५१२३ | ३७९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ३६५८१९३ | २६६३ | ८३३ | ५२२ | १३०७ | १२४८ |
| ६ | ३६५८१९४ | ६०० | ० | ३०० | ३०० | २२१ |
| ७ | ३४०१०५३ | २८८४ | ० | ० | २८८४ | २८८४ |
| ८ | ३२५११३३ | ४००० | ० | ० | ४००० | ४००० |
| **जम्मा** | | **७६५७९६** | **३१०६४३** | **१२४०९७** | **५०१८८३** | **२१४८२५** |
| **खर्च प्रतिशत** | | | **४१** | **१६** | **४३** | **२८** |

११. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा १६४ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल १३७ जना पदपुर्ति गरी २७ पद रिक्त रहेको देखियो । स्वीकृत दरबन्दीमा कर्मचारी पदपुर्ति गर्ने र अनावश्यक पद भए खारेज गरी कार्यालयको संगठन संरचना दुरुस्त राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१२. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखिएन । स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेर प्रयोग गरी आर्थिक कारोवारको लेखा राख्ने तथा वित्तिय विवरण तयार पर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१३. **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाका वडाहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट नगरपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान नगरपालिकाका पदाधिकारीवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

१४. **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । नगरपालिकामा विगतका वर्षदेखि सिनेमा हलबाट मात्र यस वर्ष रु.१,१२,४९५/- संकलन गरेकोमा अन्य क्षेत्रबाट मनोरञ्जन कर संकलन गरेको देखिएन । नगरपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने अन्य मनोरञ्जन कर असुल गरी आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

१५. **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा यस नगरपालिकाको प्रोफायल तथा गुरु योजना निर्माण कार्य भएको नदेखिएको हुंदा ऐनले तोके बमोजिम नगरपालिकाले नगर प्रोफायल तथा गुरु योजना निर्माण गर्नुपर्ने देखिन्छ ।

१६. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले आफ्नो नगरपालिका भित्र रहेका स्वास्थ्य, कृषि तथा पशु शाखा लगायतको लागि खरिद भएका खर्च नहुने जिन्सी सामानहरु नगरपालिकाको जिन्सी सम्पतीको मुल अभिलेखमा आम्दानी जनाई शाखागत रुपमा सहायक लेजर राखी अभिलेख राख्नुपर्नेमा सो बमोजिम भए गरेको नपाईएकोले नगरपालिका भित्र रहेका सम्पूर्ण बिषयगत शाखा र वडाकार्यालयहरु समेतमा रहेका जिन्सी सम्पतीहरुको अध्याबधिक अभिलेखीकरण गरि सम्पतीको संरक्षण गर्नुपर्ने देखिन्छ ।

१७. **सम्पत्तिको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी सामग्रीको अभिलेख राखेको भएता पनि आफ्नो कार्यक्षेत्र भित्र पर्ने सडक, पुल, कल्भर्ट, नाली, रेलिङ्ग आदीको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम नगरपालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राख्नु पर्दछ ।

| | | |
|---|---|---|
| १८. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| १९. | **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २०. | **उपभोक्ता समितिको योगदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा तोकिएको सीमाभित्रको काम उपभोक्ता समितिबाट गराउँदा उक्त कामको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागीताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । नगरपालिकाले यस वर्ष सञ्चालन गरेका १३९० योजनाहरु मध्ये ५२३ योजनाहरुमा जनसहभागीताको अंश समावेश गरेको देखिएन । स्थानीय तहबाट सञ्चालन हुने योजनाहरुलाई मितव्ययी, गुणस्तर बनाउन साथै त्यस्ता योजनाहरुको दिगोपन बृद्धि गर्नका लागि तोकिए बमोजिमको जनसहभागीताको अंश समेत समावेश गरी लागत अनुमान तयार गर्नु पर्दछ । | |
| २१. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी व्यवस्थाको पालना हुनु पर्दछ । | |
| २२. | **खर्च अनुमोदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| २३. | **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवार समेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| २४. | **सार्वजनिक तथा सामाजिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । योजनागत उपभोक्ता | |

| | | |
|---|---|---|
| | समिति भित्र सार्वजनिक सुनुवाई गरेको देखिएता पनि नगरपालिकाबाट सेवा प्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण भए गरेको पाईएन । | |
| २५. | **भ्रमण प्रतिवेदन** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ताको लागी भ्रमण खर्चको विलभरी भ्रमण प्रतिवेदनको साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारीहरु आयोजनाहरुको स्थलगत निरीक्षण गर्दा स्थलगत रुपमा पहिचान भएका समस्या, समाधानका लागि गरिनु पर्ने सुधार सहितको प्रतिवेदन लिई सुचारु रुपले आयोजना संचालन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा भ्रमण विल मात्र भरी पेश गर्ने र भ्रमण प्रतिवेदन पेश नगर्ने गर्दा उक्त कर्मचारी अनुगमन निरीक्षण भ्रमणमा गएको प्रमाण समेत पेश नहुने भएकोले भ्रमण प्रतिवेदन पेश गरे पछि मात्र भुक्तानी गर्ने एवं भ्रमण प्रतिवेदनमा उल्लेखित महत्वपूर्ण सुझावहरुको कार्यान्बियन समेत हुनुपर्दछ । | |
| २६. | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मेशिनरी औजार र सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः यस्ता सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनु पर्दछ । | |
| २७. | **न्याय सम्पादन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(२) मा न्यायिक समितिले आफू समक्ष पे शभएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने र पक्षहरुबीच मिलापत्र हुन नसकेमा कानून बमोजिम विवादको कारवाही र किराना गर्नु पर्ने व्यवस्था छ । नगरपालिकामा आर्थिक वर्ष २०७४ मा दर्ता भएका कुल ४३ मुद्दा मध्ये ३० वटामा मिलापत्र भएको, २ वटा अदालत पठाएको, १ वटा जिल्ला प्रशासन पठाएको, २ वटामा सम्पर्कमा नआएको, १ वटा फिर्ता लिएको र ७ वटा मुद्दा कारवाहीको प्रक्रियामा रहेको देखियो । | |
| २८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा पुँजिगत  प्रकृतिको २ प्रतिशत र अन्य साना तिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था नेपाल सरकार अर्थमन्त्रालयको मिति २०७०।१।१५ को निर्णयले गरेको छ । कार्यालयवाट योजना कार्यान्बयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ३ प्रतिशत कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन । यस वर्ष कार्यालयले रु.६५ लाख ६ हजार कन्टिन्जेन्सी खर्च गरेकोमा उक्त खर्चको अभिलेख व्यवस्थित गरी राखेको देखिएन । कन्टिन्जेन्सी खर्चको योजनागत खाता तयार पारी तोकिएको सीमाभित्र खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वियन हुनु पर्दछ । | |
| २९. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा तोकेता पनि चौमासिक रुपमा सम्पन्न गर्नुपर्ने आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमामात्र गरेकोले आन्तरिक लेखापरीक्षणको प्रभावकारीता देखिएन । कार्यालयले प्रभावकारी ढंगवाट आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणवाट देखिएका वेरुजु समयमै फछ्र्यौट गराई आन्तरिक नियन्त्रण प्रकृयामा सुधार गर्नुपर्दछ । | |
| ३०. | **सवारी साधन खरिद -** अर्थ मन्त्रालयको स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यो वर्ष नगरपालिकाले रु.६२,१६,८५०/- पर्ने १ वटा गाडी खरिद गरेकोमा निर्देशिकाको पालना भएको देखिएन । निर्देशिका विपरित सवारी साधन खरिद वापतको रकम नियम सम्मत नदेखिएको रु. | ६२,१६,८५०/- |
| ३१. | **भुक्तानीको जानकारी :** मुल्य अभिबृद्धी कर नियमावली,  २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष आपूर्तिकर्ता/निर्माण व्यवसायी लाई मूल्य अभिवृद्धि कर भूक्तानी दिएकोमा सो को | |

जानकारी दिएको पाइएन् । मू.अ.करको जानकारी भुक्तानी भएका बखत नै दिने गरी व्यवस्था मिलाउनु पर्दछ ।

३२. **सामाजिक सुरक्षा तर्फ :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था भए अनुसारका भर्पाइ वित्तिय सूचना प्रणाली ( MIS SYSTEM ) अनुसार राखिएको छ । यस नगरपालिकाका १४ वडामा प्रथम किस्तामा ३,७५,७०,६००/- ,दोश्रो किस्ता रु.३,८०,८१,२००/- र तेश्रो किस्ता रु. ३,७७,२३,२००/- गरी जम्मा रु. ११,३३,७५,०००/- निकासा खर्च भएको छ। सो मध्ये खर्च नभई बैंकबाट फिर्ता प्राप्त भएको रु ९,२२,८००/- यस आर्थिक वर्षमा स्थानीय सञ्चित कोषमा आम्दानी जनाएको छ । सामाजिक सुरक्षा वापतको फिर्ता रकम केन्द्रिय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा स्थानीय सञ्चित कोष दाखिला भएको हुँदा उक्त रकम केन्द्रिय सञ्चित कोष दाखिला हुनुपर्ने रु. ९,२२,८००/-

३३. **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार नगरपालिकाको यस वर्ष दिएको पेश्की मध्ये देहायका व्यक्ति तथा संस्थाहरुको नाममा रहेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन । नियमानुसार उक्त पेश्की फछ्र्यौट गर्नु पर्ने रु. १,३३,२७,७२४/-

| क.सं. | पेश्की मिति | पद | पेश्की लिने व्यक्तिको नाम | पेश्की बाँकी |
|---|---|---|---|---|
| १ | २०७५।०२।०७ | अध्यक्ष | श्री आधारशिला महिला कृषक समुह | २००,००० |
| २ | २०७५।०२।२४ | वडासचिव | श्री वलराम गैरे | १००,००० |
| ३ | २०७४।०६।२५ | खरिदार | श्री विष्णु कुमार जोशी | १५,००० |
| ४ | २०७५।०१।२८ | अध्यक्ष | श्री भुवनराज पौडेल | ५०,००० |
| ५ | २०७४।१२।१५ | अध्यक्ष | श्री विष्णुबहादुर पन्थ व्यास १२ | १४२,८६५ |
| ६ | २०७५।०३।१८ | अस्पताल | श्री दमौली अस्पताल | ७१७,८४९ |
| ७ | २०७५।०१।११ | अध्यक्ष | श्री देवी प्रसाद पन्थ व्यास १३ | १६५,००० |
| ८ | २०७४।१२।२७ | अध्यक्ष | श्री एकबहादुर गुरुङ व्यास ८ | ६००,००० |
| ९ | २०७५।२।१८ | अध्यक्ष | गोपाल लौडारी, व्यास २ | २३१,००० |
| १० | २०७५।३।२५ | कम्प्युटर अ. | गोकर्णराज वाग्ले | ६१८,००० |
| ११ | २०७५।०३।२५ | अध्यक्ष | श्री हरीश्चन्द्र वाग्ले व्यास ४ | ५,००० |
| १२ | २०७५।३।२५ | शा.अ. | कृष्णराज घिमिरे | १३६,८०० |
| १३ | २०७५।३।११ | अध्यक्ष | श्री कल्पना न्यौपाने व्यास ७ | ४,५०० |
| १४ | २०७४।०९।२४ | का.स. | श्री लाल वहादुर दरै | ७,००० |
| १५ | २०७४।१२।१५ | अध्यक्ष | श्री मधुमाया अधिकारी व्यास ६ | ११५,५०० |
| १६ | २०७५।०३।२५ | अध्यक्ष | श्री मिना बानिया व्यास ७ | ८०,००० |
| १७ | २०७४।१२।०८ | अध्यक्ष | श्री माधवप्रसाद थापा व्यास ५ | १६५,००० |
| १८ | २०७५।०२।०९ | अध्यक्ष | श्री महेन्द्र थापा व्यास ५ | ५००,००० |
| १९ | २०७५।०१।२६ | अध्यक्ष | श्री नेत्रप्रसाद खनाल व्यास ११ | ३३,००० |
| २० | २०७५।०३।२५ | अध्यक्ष | श्री निजावदिन मिया व्यास ६ | १,६४२,००० |
| २१ | २०७५।०३।२५ | अध्यक्ष | श्री नविन थापा व्यास ३ | ७२७,००० |
| २२ | २०७५।१।२४ | स.परिचालक | पुष्पराज आचार्य | १८१,००० |
| २३ | २०७५।०३।०१ | अध्यक्ष | श्री फुलमाया वि.क. व्यास ४ | ३३,००० |
| २४ | २०७४।६।६ | जु.इ. | रविन्द्रलाल मूल | ३४९,८०० |
| २५ | २०७५।०२।१७ | ब.के.उ. | श्री राजुहरी पण्डित | ५०० |
| २६ | २०७५।०३।२५ | ना.सु. | श्री रामचन्द्र पौडेल | ५०,००० |
| २७ | २०७५।०२।१० | अध्यक्ष | श्री राम कुमार श्रेष्ठ व्यास ५ | ७२६,००० |
| २८ | २०७५।०३।२५ | अध्यक्ष | श्री सावित्री श्रेष्ठ व्यास ५ | ७९२,००० |
| २९ | २०७५।०१।२५ | अध्यक्ष | श्री सुनिता सुनार व्यास १ | ३३०,००० |
| ३० | २०७५।०३।०१ | अध्यक्ष | श्री सुरेश अधिकारी व्यास ३ | ६४३,५०० |
| ३१ | २०७५।०३।१९ | अध्यक्ष | श्री सुनाराम गुरुङ व्यास ७ | ४९५,००० |
| ३२ | | चालक | तीर्थबहादुर तामाङ्ग | १५,००० |
| ३३ | २०७५।०३।२५ | अध्यक्ष | श्री तारा प्रसाद श्रेष्ठ व्यास ५ | ३५०,००० |
| ३४ | २०७५।०१।१६ | अध्यक्ष | श्री उमा प्रसाद सेढाई व्यास १२ | १००,००० |
| ३५ | २०७५।०३।२५ | अध्यक्ष | श्री उपेन्द्र लम्साल व्यास ३ | १,४३७,००० |
| ३६ | २०७५।०१।१२ | अध्यक्ष | श्री वाइल्ड स्टोन कन्स्ट्रक्सन व्यास १० | १,५६९,४१० |
| **जम्मा** | | | | **१,३३२७,७२४** |

३४. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८(५) अनुसार भाडा वापत रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिका मार्फत बिभिन्न उपभोक्ता समितिहरुले भाडा वापतको रकम भुक्तानी गरेकोमा नियमानुसार लाग्ने अग्रिम कर तिरेको देखिएन । नियमानुसार लाग्ने अग्रिम कर असुल गरी दाखिला हुनुपर्ने रु. ५९,०९०/-

| भौ.नं र मिति | कामको विवरण | निर्माण व्यवसायी/आपुर्तिकर्ता | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| ३/२०७४/५/४ | | रुपनारायण श्रेष्ठ | ३०००० | ३००० |
| ६/२०७४/५/८ | विकास निर्माण समिति व्यास ३ | गौतम ढुवानी सेवा | १०८९०० | १०८९० |
| १०/२०७४/५/१५ | खडक बहादुर अधिकारी | छाब्दी वाराही ढुवानी सेवा | १८००० | १८०० |
| १५/२०७४/५/१५ | बल बहादुर पोखरेल | पौडेल ढुवानी सेवा | १६००० | १६०० |
| १५/२०७४/५/१५ | बल बहादुर पोखरेल | तनहुँ कालिका ढुवानी सेवा | २४००० | २४०० |
| १७/२०७४/५/१५ | छाब्दी मार्ग उ.स. | गौतम ढुवानी सेवा | ६६००० | ६६०० |
| २७/२०७४/५/१७ | गुप्तेश्वर महादेव संरक्षण उ.स. व्यास १२ | तनहुँ कालिका ढुवानी सेवा | १२००० | १२०० |
| ३१/२०७४/५/१८ | माहेन्द्री स्वास्थ आमा समूह व्यास ६ | बुद्धिराम श्रेष्ठ | ३९००० | ३९०० |
